# कृषि ज्ञान केन्द्र कपिलवस्तु को सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७५/११/१७**

राष्टिय आलू,तरकारी तथा मसला बाली विकास केन्द्र खुमलटार, ललितपुर को सहयोगमा यस कृषि ज्ञान केन्द्र कपिलबस्तु मार्फत आ.ब. ०७५/०७६ मा संचालन हुने **"प्राङ्गरिक प्रवर्द्धन मिशन कार्यक्रम" तथा "बगर खेति कार्यक्रम" अन्तरगत बगरखेती कार्यक्रम** कार्यान्वन गर्न तपसिल का कागजात सहित यस जिल्ला भित्रका इच्छुक कृषक समूह/कृषक सहकारी/कृषि फार्म तथा कृषि कम्पनी हरुले यो सूचना प्रकाशन भएको मिति ले १५ दिन भित्र यस केन्द्रमा आवेदन दिनु हुन को लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्रम संचालनको मापदण्डहरु:**

१.बगर खेती नदी/ खोला किनार आसपासको उकास वा वगर हुनुपर्ने ।

२.कार्यक्रम भूमिहीन,न्यूनआय श्रोत भएका सामाजिकरुपमा पछाडि पारिएका वर्गहरु लाई बिशेष प्राथमिक्ता दिइनेछ ।

३.विगत बर्ष देखि बगर खेति गर्दै आएको कृषक समूह/कृषक सहकारी/कृषि फार्म तथा कृषि कम्पनी हरुले थप क्षेत्र विस्तार गर्नुपर्नेछ ।

४.बगरखेती आफ्नै जमीन/भाडामा वा करारमा लिएको जमीनमा गर्न सकिनेछ ।

५.यो कार्यक्रम लगभग ५/५ विघाको कलष्टरमा गर्नुपर्नेछ ।

६.अन्यको हकमा यस कार्यक्रमको कार्यविधि २०७५ अनुसार हुनेछ ।

**आवश्यक कागजातहरु:**

१.रु.१०/(दश) को टिकट टाँस गरेको निवेदन ।

२. कृषक समूह/कृषक सहकारी/कृषि फार्म तथा कृषि कम्पनीहरुको प्रमाणपत्र प्रतिलिपी ( सहकारी/फार्म तथा कम्पनी हरुको हकमा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ) तथा निर्णय प्रतिलिपी ।

३. सहभागीको बिवरण फारम तथा स्थानियतहको सिफारिस ।

४. जग्गा करार वा भाडामा भएको भए करारनामा पत्र ।


कृषि ज्ञान केन्द्र कपिलवस्तु

फोन न. ०७६-५६००६३/५६००२३


प्रदेश सरकार
प्रदेश नं ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
कपिलवस्तु

Chaudhary
११।१६
सहसराम चौधरी (कुर्मी)
प्रमुख
रा.प.द्वि.(प्रा.)